मा.राजेन्द्रप्रसाद पाण्डे
मुख्यमन्त्री

बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## सोनाम ल्होसार २८५८ को शुभकामना सन्देश

तामाङ्ग समुदायहरुको महान पर्व सोनाम ल्होसार (२८५८) का अवसरमा स्वदेश तथा प्रवासमा रहनुभएका सबै नेपाली तामाङ्ग समुदायका दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, आपसी सद्भाव, सहिष्णुता, एकता र उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

मञ्जुश्री पात्रो अनुसार पहिलो महिनाको पहिलो दिन अर्थात् प्रत्येक वर्ष माघ शुक्ल प्रतिपदादेखि मनाईने सोनाम ल्होसार पर्वमा कूल पूजा, प्रकृति पूजा, बुद्धको पूजा गर्ने एवम् आपसमा भेला भई नाचगान गर्दै हर्षोल्लासका साथ मनाउने प्रचलन रहिआएको छ। यस्ता चाडपर्व र संस्कृतिले राष्ट्रिय एकता सुदृढ पार्न एवम् सामाजिक सद्भाव अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछन् ।

बागमती प्रदेशको महत्वपूर्ण जाति तामाङ्ग समुदायले यस पर्वलाइ नयाँ वर्षको रुपमा मनाइरहँदा यसले विशिष्टिकृत सांस्कृतिक पहिचान स्थापित गरेको र परम्परागत मुल्य मान्यता प्राप्त गरेको महशुस गरेका छौं । बागमती सरकार प्रदेश भित्र बसोबास गर्ने जात जातिका संस्कृतिहरुको संरक्षण तथा प्रवर्द्धन गर्दै पर्यटन विकासका लागि संस्कृतिको जगेर्ना गर्न आवश्यक सहयोग गर्ने सदैव तयार रहने विश्वास समेत दिलाउन चाहन्छौं ।

सोनाम ल्होसार पर्वले हामी बिच आत्मीयता, आपसी समझदारी, एकता, सामाजिक सद्भाव कायम गर्दै देशको समृद्धि एवं अमन चयन कायम गर्ने वातावरण निर्माण भै समृद्ध नेपाल र समुन्नत बागमती प्रदेश निर्माण गर्ने तर्फ उत्प्रेरणा मिलोस भन्ने कामना गर्दछु ।

साथै विश्वभर फैलिएको कोभिड १९ नयाँ भेरियन्टको रुपमा ओमिक्रोनको संक्रमण बढ्दो क्रममा रहेको हुँदा नेपाल सरकारबाट जारी भएको स्वास्थ्य सम्बन्धी नियमहरुको पालना गर्दै र सतर्कता अपनाइ हर्षोल्लासका साथ पर्व मनाउनु हुन सम्पूर्ण नेपाली एवं प्रदेशवासीहरुमा आग्रह गर्न चाहन्छु । सामाजिक तथा भौतिक दुरी कायम गरी मौलिक सांस्कृतिक पर्वको संरक्षण एवं सम्बर्द्धन गर्न सबैमा आव्हान गर्दछु ।

अन्त्यमा यस पर्वले हाम्रो सामाजिक सद्भाव कायम गर्दै राष्ट्रियता, लोकतन्त्र र गणतन्त्र सुदृढ गर्न र समाजवादको लक्ष्य हासिल गर्न हामी सबै नेपाली एकताबद्ध भई अघि बढ्न प्रेरणा प्रदान गर्नेछ भन्ने अपेक्षा राख्दै शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

माघ १९, २०७८ बुधबार

राजेन्द्रप्रसाद पाण्डे
मुख्यमन्त्री